# “निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न बनेको कार्यविधि २०७७”

नगरकार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०५/३०

कार्यपालिका बैठक नं. : ९८

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# भिंग्री प्यूठान

**प्रस्तावनाः-**

पशुपालन व्यवसाय लाई ब्यबसायिक र नाफामुलक बनाउन मौजुदा पशुहरुको उत्पादकत्वमा वृद्धि गर्नु आजको अपरिहार्य आबस्यकता हो। उत्पादकत्व वृद्धि गर्नकालागि पशु हरुको नश्ल सुधारगर्न प्रयोगहुने एक आधुनिक प्रबिधि कृत्रिम गर्भाधान हो। यस नगर क्षेत्रभित्रका कम आय श्रोत भएका कृषक हरुले उन्नत नस्लका पशु हरु खरिद गरि आफ्नो ब्यबसाय संचालन गर्न नसकिरहेको अबस्था छ। हाल बिशेष गरि रागो को बहाल रु ३००० रुपैया सम्म लिने गरेको र ति राँगाहरु समेत खासै गुणस्तरीय नभएको, निम्न र निम्नमध्यम आय स्तर भएका कृषकहरु र भर्खरै व्यवसायमा संलग्न कृषक हरुकालागगी उक्त रकम जुटाउन मुस्किल हुने गर्दछ।

माथिका तथ्यहरु लाइ बिचार र पशु पालन ब्यबसायी कृषक हरुको मागलाई समेत मध्यनजर गरि यस स्वर्गद्वारी नगरपालिका को सातौ नगरसभाले यस आ.ब २०७७/०७८ मा निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम संचालनका लागि बजेट समेत बिनियोजन गरिसकेको सन्धर्भमा उक्त कार्यक्रमलाई ब्यबस्थित र पारदर्शी बनाउन यो "निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न बनेको कार्यविधि २०७७" निर्माण गरि लागु गर्न बान्छनीय देखिएकाले नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरि लागु गरेको छ।

परिच्छेद १

प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

१.१. यस कार्यविधिको नाम " निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न बनेको कार्यविधि २०७७" रहेको छ।

१.२. यो कार्यविधि स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिका बाट पारित भएपछी तुरुन्तै लागु हुनेछ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ **नगरपालिका** भन्नाले स्वर्गद्वारी नगरपालिका भिंग्री प्युठान सम्झनु पर्दछ।

२.२ **शाखा** भन्नाले स्वर्गद्वारी नगरपालिका पशु सेवा शाखा भन्ने सम्झनु पर्दछ।

२.३ **कार्यालय** भन्नाले स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय भिंग्री प्युठान सम्झनु पर्दछ।

२.४ **इन्सिमिनेटर (Insiminetor)** भन्नाले मान्यता प्राप्त शैक्षिक संस्था बाट कम्तिमा पशु पालन/पशु स्वास्थ्य बिषयमा TSLC उत्तीर्ण गरि कृत्रिम गर्भाधान सम्बन्धि कम्तिमा २ हप्ते (१२ कार्यदीन) तालिम प्राप्त सरकारी सेवामा रहेको प्राबिधिक वा निजि क्षेत्रको प्राबिधिक लाइ सम्झनु पर्दछ।

२.५ **कार्यविधि** भन्नाले " निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न बनेको कार्यविधि २०७७" लाइ सम्झनु पर्दछ।

**३. उद्धेश्यहरु :**

३.१. पशु पालन ब्यबसाय संचालन गर्ने कृषक हरुलाई बिगतका बर्षहरुमा दिइदैआएको प्रतिस्प्रधात्मक अनुदान दिदा अनुदान रकम को दुरुपयोग हुने गरेको र अनुदान प्राप्त गर्नकैलागि व्यवसायमा संलग्न हुने र अनुदान प्राप्त गरे पस्चात ब्यबसायबाट पलायन हुने प्रवृति देखिएकाले पशुपालक कृषकहरुलाई उत्पादन सामग्रीमा(input) निरन्तर अनुदान दिई बास्तबिक कृषकको गोठ/खोरमा सरकारी अनुदान पुर्याउने

३.२. बढ्दो जनसंख्या तथा सहरिकरणका कारण उत्पादन सामग्रीको अभाब र उत्पादित बस्तुको बढ्दो माग पुरा गर्न पशु जन्य खाद्यपदार्थ(मासु,दुध,फूल)मा आत्मनिर्भर हुदै निर्यात गरि नगरबासीको जिबनस्तर सुधार गर्न पशु हरुको नस्ल सुधार द्वारा उत्पादकत्व बृधि गर्ने।

३.३. कृत्रिम गर्भाधानकार्य गर्ने इन्सिमिनेटर हरुको सेवामा एकरुपता ल्याई कृत्रिम गर्भाधान सेवालाई भरपर्दो र नतिजामुखी बनाउदै लैजाने

**४. कार्यक्रम संचालन हुने स्थानः**

यो कार्यक्रम स्वर्गद्वारी नगरपालिकाका सबै वडाहरुमा संचालन हुनेछ। नगरपालिका भित्रका समपुर्ण कृषकहरु बिना भेदभाव यो कार्यक्रममा समेटिनेछन

**५. कार्यक्रम संचालन हुने अबधिः**

यो कार्यक्रम आ.व.२०७७/७८ भरि संचालन हुनेछ। कार्यक्रमबाट लाभान्वित हुने कृषकको संख्या, उत्पादनमा पार्ने प्रभाब आदिको मुल्यांकन गरि कार्यक्रमको अबधि आगामी आ.व मा पनि निरन्तरता दिन सकिनेछ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

**६. पशु पालक कृषक हरुले निशुल्क कृत्रिम गर्भाधान कार्यक्रममा सहभागी हुन पुर्याउनु पर्ने प्रक्रिया**

६.१ पशु heatमा आउने बित्तिकै इन्सिमिनेटर लाइ पशुको जात, उमेर, अबस्था र पशु कराएको बास्तबिक समय तथा कृषकको ठेगाना र घरसम्म पुग्ने बाटोको बारेमा यथार्थ जानकारी मौखिकरुपमा गराउने र इन्सिमिनेटर बाट कृ.ग गर्ने समयको बारेमा जानकारी लिने

६.२ इन्सिमिनेटर ले दियको समयमा पशु काबुमा ल्याउने सामग्री हरु जस्तै लामा तथा बलिया काठका घारा, घारा बाध्न प्रयोग हुने डोरी, खाबो गाड्न प्रयोग हुने खन्ने सामाग्री आदि तयारि अबस्थामा राख्ने

६.३ इन्सिमिनेटर आफ्नो घर/गोठमा आइसकेपछी इन्सिमिनेटरको सल्लाह बमोजिम पशुलाई पूर्ण रुपमा काबुमा ल्याउने

६.४ थोइंग गर्न प्रयोग हुने सामग्रीहरुअनुसूची १ बमोजिमका सामग्री हरुको ब्यबस्था गर्ने

६.५ इन्सिमिनेटरले तोकेबमोजिमक अन्य कार्यहरु गर्ने

**७ इन्सिमिनेटरहरुले गर्नु पर्ने क्रियाकलाप**

७.१. आफ्नो जिम्मामा रहेको रेफ्रीमा सधै तरल नाइट्रोजन र जमेको विर्य चुस्त दुरुस्त राख्ने

७.२ कृषकहरु बाट ६.१ बमोजिमका यथार्थ जानकारी लिई कृ.ग. गर्ने समय, कृ.ग.गर्दा कृषकले पुर्याउनुपर्ने प्रक्रिया आदिको बारेमा जानकारी गराउने

७.३  कृषकबाट कृ.ग गर्नको लागि समयमै मागभएमा सम्भब भए सम्म सेवा प्रदान गर्नु पर्ने, आफुले सेवा प्रदान गर्न नसक्ने भए अन्य इन्सिमिनेटर लाइ जानकारीगराई सेवा बाट बन्चित नगराउने। एकै समयमा धेरै स्थानबाट कृत्रिम गर्भाधान कार्यको लागि माग भएमा र कुनैपनि इन्सिमिनेटरले कृ.ग. गर्न नसक्नेभै कुनै कृषक छुटाउनु परेमा पहिलो खबर गर्ने लाई पहिलो प्राथमिकता दिइनेछ। तर पटक पटक एउटै कृषक लाई सेवा बाट बन्चित गाराइने छैन।

७.४ इन्सिमिनेटरहरुको बिचमा सौहार्दपुर्ण वातावरण कायम राख्ने र एक अर्काबीच सेवा प्रदानगर्नमा स्वच्छ प्रतिस्पर्धाका साथै सेवाको गुणस्तर कायम राख्नका लागि  सहयोग आदान प्रदान गर्नु पर्नेछ

७.५ कृ.ग. गर्न प्रयोगहुने अनुसूची २ बमोजिमका सामग्रीहरु कृषकको घर/गोठ सम्म आफैले लियर जानु पर्नेछ

७.६ एकलमहिला, जेष्ठ नागरिक, फरक क्षमता भएका कृषकहरु मात्र रहेको घरमा कृ. ग. गर्न जादा पशु काबुमा ल्याउन र अन्य ब्यबस्थापन समेत आफै गर्नु पर्नेछ

७.७ कृ.ग. गर्दा अनुसूची ३ बमोजिमको प्रोटोकल अनिवार्यरुपमा पालना गर्नु पर्नेछ

७.८ कृ.ग. कार्य सम्पन्न पश्चात तोकिए बमोजिमको रेकर्ड भरि एक प्रति कृषक लाइ बुझाइ एकप्रति आफै संग राख्नु पर्दछ

७.९ आफुले कृ.ग. गरेको प्रगतिविवरण मासिक रुमपा तोकिएको फर्मेटमा हरेक महिनाको २२ गते शाखामा बुझाउनु पर्ने छ र कृ.ग.गरेबाफत इन्सिमिनेटर ले पाउनु पर्ने भुक्तानी पनि मासिक रुपमा लिनु पर्नेछ

**८. शाखाको जिम्मेबारी**

८.१ प्राइभेट इन्सिमिनेटर हरुलाई अनुसूची २ बमोजिमका सामग्री हरु उपलब्ध गराउने र सरकारी सेवामा रहेका इन्सिमिनेटरहरुले प्रयोग गर्ने सामग्री र मोटरसाइकल  हरु शाखामै रहने व्यवस्था मिलाउने

८.२ तरलनाइट्रोजन र जमेको विर्य सधै अटुट रुपमा शाखामा रहने व्यवस्था मिलाउने

८.३. हरेक महिना इन्सिमिनेटरहरु बाट प्राप्त प्रगति बिबरण लाइ कम्पाइल गरि राष्ट्रिय पशु प्रजनन् कार्यालय नेपालगंजमा पठाउने

८.४. राष्ट्रिय पशु प्रजनन् कार्यालय नेपालगंज देखि तरल नाइट्रोजन र जमेको विर्य लिनको लागि कमचारी खटाउने र तहाँ कार्यालय संग समन्वय गर्ने

८.५ कृ.ग. कार्यक्रमको प्रगति जस्तै जम्मा कृत्रिम गर्भाधान गरिएका पशु हरु को संख्या, कृ.ग.पश्चात गर्भिणी भएका पशु हरुको संख्या, दोहोरिएका पशु हरुको संख्या, उत्पादनमा पारेको प्रभाब आदिको रेकर्ड राख्ने।

**९. कार्यालयको जिम्मेबारी**

९.१ रास्ट्रीय पशु प्रजनन् कार्यालय नेपाल गंजदेखि तरल नाइट्रोजन र जमेको विर्य खरिद गरि शाखा सम्म सुरक्षित तरिकाले ढुवानी गर्ने साधन को ब्यबस्था गर्ने

९.२  तरल नाइट्रोजन र जमेको विर्य खरिद गर्न जाने शाखाका प्राबिधिक हरुले नियम अनुसार पाउनुपर्ने दैनिक भ्रमण खर्च उपलब्ध गराउने

९.३ निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न प्रयोगभएको सवारीसाधन, त्यसमा प्रयोग हुने इन्धन र नियमित मर्मत सम्भारको ब्यबस्था मिलाउने

९.४ निशुल्क कृत्रिम गर्भाधान कार्यक्रमको अनुगमन, मुल्यांकन र पृष्ठपोषण तथा आबस्यकता अनुसार पुनरावलोकन गर्ने

## परिच्क्षेद ३

## कार्यक्रमको विनियोजित बजेट र खर्चको मापदण्ड

### १० कार्यक्रमको विनियोजित बजेट

यस कार्यक्रममा सातौ  नगरसभा बाट पारित आ.व २०७७/७८ को बजेट, वित्तीय समानीकरणतर्फको रकम रु ५००००० अक्षेरुपि पाँच लाख मात्र खर्च गरिनेछ।उक्त रकम इन्सिमिनेटर हरुको पारिश्रमिक मा मात्र खर्च गरिनेछ।

**११. खर्चको मापदण्डः-**

११.१ यस कार्यक्रम संचालन गर्दा कृषकको घर गोठमै पुगी सेवा प्रदान गर्ने इन्सिमिनेटर हरुलाई उहाहरुले कृ.ग गरेको पशु संख्याका आधारमा भौगोलिकदुरी अनुसार को रकम भुक्तानीदीने छ। भौगोलिक दुरी अनुसारको स्थान बिशेष को बर्गिकरण अनुसूची ४ मा उल्लेख छ।

| **क्र.सं.** | **कृ.ग.गरेको स्थान** | **पशुको किसिम** | **पारिश्रमिक दर(रुपैयाँ)/प्रति पशु** |
|---|---|---|---|
| १ | क बर्गका स्थान हरु | गाइ भैसी | ७०० |
| | | बाख्रा | ५०० |
| २ | ख वर्गका स्थान हरु | गाइ भैसी | १००० |
| | | बाख्रा | ८०० |
| ३ | ग बर्गका स्थान हरु | गाइ/भैसी | १२०० |
| | | बाख्रा | १००० |

११.२ एक पटक कृत्रिम गर्भाधान गरि कुनै पशु पुनः दोहोरिएमा प्रति पटक कृ.ग. गरे बाफत माथि ११.१ मा तोकिएको रकम को ५०% रकम भुक्तानी दिने छ। तर लगातार ३ पटक सम्म पनि उल्टीरहे उक्त पशुको उपचारपछि मात्र चौथोपटक कृत्रिम गर्भाधान गराउनु पर्दछ। उपचार गर्दा लाग्ने खर्च कृषक आफैले व्यहोर्नु पर्नेछ।

## परिच्क्षेद ४

**१२. भुक्तानी प्रक्रिया**

१२.१ प्रत्यक इन्सिमिनेटर ले आफुले गरेको कृ.ग.को प्रगति विवरण, तोकिएको फारमको कार्यालय प्रति(पूर्ण रुपले भरिएको र कृषकको हस्तक्षर भएको) सहित आफुले पाउने रकम सहित खुलाई मासिक/ रुपमा कार्यालयमा निबेदन दिनु पर्नेछ र उक्त निबेदन को आधारमा इन्सिमिनेटरको बैंक खाता मार्फत रकम भुक्तानी दिइनेछ।शाखाले तोकेको कृत्रिम गर्भाधान कार्ड छपाई कार्य पुरा नहुदै गरिएको कृत्रिम गर्भाधान कार्यको हकमा साबिककै रेकर्ड कार्ड को प्रतिलिपि बुझाउनु पर्नेछ।

१२.२ चालु आ.व. को अन्तिम महिनाको हकमा महिनाको २५ गते भित्र भुक्तानीकोलागि निबेदन दिई सकेको हुनुपर्नेछ

## परिच्क्षेद ५

## बिभिद

**१३ सेवा प्रदान गर्न इन्सिमिनेतर बाध्य नहुने**

१३.१ पशु heat मा आएको समयले १२ देखि १८ घण्टा भित्रमा कृ.ग.गर्नु पर्ने हुन्छ उक्त समय(heat मा आएको १२ घण्टा) हुनु भन्दा कम्तिमा ४ घण्टा पहिला इन्सिमिनेतर लाइ खबर नगरेमा

१३.२ कृ.ग गर्ने समय रातिको समय परेमा, प्रतिकुल मौसम आदिको कारण इन्सिमिनेटर घर गोठमा पुग्न नसक्ने भएमा

१३.३ लामो सरकारी बिदा तथा ठुला चाड पर्ब को बेलामा

१३.४ आन्तरिक तथा बाहय युद्ध, महामारी, ठुला प्राकृतिक बिपत्ति आदिको कारण देशमा संकटकाल घोषणा भएको अबस्थामा

**१४. कार्यविधि अनुसार भएको मानिने**

यस आ.व मा कार्यबिधि स्वीकृत हुनुभन्दा पहिले भएका कृत्रिम गर्भाधानकार्य यसै कार्यविधि अनुसार भएको मानिने छ।

**१५. प्रचलित कानुन अनुसार हुने**

यस कार्यविधिमा उल्लेख भएका बिषयहरु यसै कार्यविधि अनुसार र यस कार्यविधिमा उल्लेख नभएका बिषय प्रचलित कानुन अनुसार हुनेछन।

## अनुसूची हरु

## अनुसूची १

कृत्रिमगर्भाधान कार्य गराउने कृषकले जुटाउनु पर्ने सामग्री हरु

१. पशुलाइ काबुमा ल्याउन प्रयोगहुने सामग्री हरु : बलिया काठका घारा २-३ ओटा , डोरी/नाम्लो २-३ वटा, गोठमा उज्यालो को ब्यबस्था(रातिको समयको लागि मात्र)

२. थोइंग तथा कृ.ग.मा प्रयोग हुने सामग्रीः सफा धारको पानि १ बाल्टी, हात धुने साबुन, गहिरो अम्खोरा, १ लिटर सफा धाराको पानि तताएको (कम्तिमा ६०° सेल्सियस तापक्रम)

## अनुसूची २

**कृ.ग.गर्दा इन्सिमिनेटरले कृषकको घर/गोठमा लाग्नुपर्ने सामाग्रीहरु**

१. नाइट्रोजन भरिएको रेफ्री र जमेको विर्य
२. कृ.ग. गन र सिथ
३. थम फोर्सेप र स्ट्र कटर/कैची
४. कटन
५. सामान्य थर्मो मिटर (रंगिन पारो युक्त वा अल्कोहल)
६. पुरै हात छोप्ने पन्जा (full hand gloves)
७. घडी
८. कृत्रिम गर्भाधान कार्ड

## अनुसूची ३

## कृत्रिम गर्भाधान प्रोटोकल

१. सिमेन स्ट्र राख्न सकिने भाँडोमा ३७° सेल्सियस तापक्रमको पानि बनाउने
२. सिमेन स्ट्र लाइ semen goblet बाट पहिल्यै चिस्याईएको फोरसेप को सहायताले निकालेर २० सेकेन्डसम्म पहिल्यै तयार पारिएको ३७° सेल्सियस तातो पानीमा डुबाउने पानीमा डुबाउदा factory seal भएको भागलाई तलतिर पारि डुबाउने
३. सिमेन स्ट्र लाइ सफा कटन ले पुछेर मात्र gun मा लोड गर्नु पर्दछ
४. जाडो मौसममा A.I. gun को तापक्रम ३७° भन्दा कमहुने हुनाले सिमेन स्ट्र gun मा राख्नुभन्दा पहिला A.I. gun को तापक्रम मिलाउन शिथले कभर गरेको gun लाइ कपडाभित्र बाट इन्सिमिनेटरको सरिरसँग छोइनेगरि कम्तिमा १ मिनेट राखी gun लाइ न्यानो बनाउनु पर्दछ
५. इन्सिमिनेटर ले सकेसम्म body of uterus मा सम्भव नभएमा cervix को मध्य भागमा मा semen deposit गर्नु पर्दछ
६. A.I. कार्य मा प्रयोग हुने सम्पूर्ण सामाग्रीहरु सफा र नियमित रुपमा निसंक्रमण गरिएका हुनु पर्दछ

## अनुसुची ४

दुरी तथा यातायात को सुबिधा को आधारमा स्थान बिशेस को बर्गिकरण

| क्र.सं. | वर्ग | स्थान | |
|---|---|---|---|
| १ | क | वडा न. ३ को भागृबाङ,किमिचौर,बाटुले,सयमुरे, लगायत उपल्लो भिंग्री सबै स्थानहरु<br>वडा नं. ४ को तल्लो भिंग्री, बाझिपुर, गोठिबांग लगायत का तल्लो क्षेत्रका सबै स्थानहरु<br>वडा नं. ५ को खोलाखेत, उपल्लो सारी,तल्लो सारी लगायत तल्लो क्षेत्रका सबै स्थानहरु<br>वडा नं. ६ को बरखोला<br>वडा नं. ७ को नल्सी, तापा, रानीटार, सोत्रे, डाबराफाट, सातबिसे, तिल्केनी लगायत सबै तल्लो क्षेत्रका स्थान हरु<br>वडा नं. ८ को खैरेनी | |
| | ख | वडा नं ३ को गाब्धारा, लुङसाराकोट, नेवारे, ताम्धरा, रुमाले, खोलाखर्क,रावाङ,डाँडाखर्क , लगायत उपल्लो क्षेत्रका सबै स्थानहरु<br>वडा नं. ४ को भिंग्रीकोट<br>वडा नं. ५ को गायखर्क र झोल<br>वडा नं. ६ को बेल्बास,केप,खन्नेखोला, धनचौर | |

| | | | |
|---|---|---|---|
| | | वडा नं.७ को तापाकोट, केप<br>वडा नं. ८ को बर्जिबांग, धनचौर, दहचौर, घुस्टूङ,ओबी<br>वडा नं. ९ को जुडापाटा, लामाचौर, दीबांग,भचेनी,घन्टीखोला | |
| ३ | ग | वडा नं. १ को सबै स्थान<br>वडा.नं. २ को सबै स्थान<br>वडा नं.५ को सिस्नेरी, स्यानिलेख, साउनेपानि, डाफेधारा, डांडागाउ<br>वडा नं. ६ को तिमीले, निङला, धान्धारा, देउराली,गरुम्प, सालाबांग,थापखार्क,<br>वडा नं. ७ को ओराला,<br>वडा नं. ८ को बर्जिबांग कोट, डाँडागाउ<br>वडा नं. ९ को मगरी, सिम्ले, जुकेना, घोर्खान्ने, नाम्रिकोट, छाप्धारा, डांडाकटेरी, ठुलोपोखरा, डाँडागाउ, बिसुना, कालिपोखरी, गजेधारा, तिल्केनी, लगायत माथिल्लो भागका सबै स्थानहरु | |